# ज्येष्ठ नागरिक दिवा सेवा तथा मिलन केन्द्र स्थापना र सञ्चालन गर्न अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७६

सामाजिक विकास मन्त्रालय
गण्डकी प्रदेश,
पोखरा, नेपाल ।

## ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना र सञ्चालन गर्न अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७६

प्रस्तावनाः

ज्येष्ठ नागरिकको सामाजिक संरक्षणका लागि स्थानीय तहमा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना तथा संचालन गर्न अनुदान उपलब्ध गराउने गण्डकी प्रदेश सरकारको नीति वमोजिम सामाजिक विकास मन्त्रालयको आ.व. २०७६/०७७ को स्वीकृत वार्षिक कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी रुपमा कार्यान्वयन गर्न प्रदेश सरकार (मन्त्रिपरिषद्)बाट यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

परिच्छेद १

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना र सञ्चालन सम्बन्धी कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि मन्त्रिपरिषद्बाट स्वीकृत भएपछि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन" भन्नाले ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ सम्झनुपर्छ ।

(ख) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालय सम्झनुपर्छ ।

(ग) "सचिव" भन्नाले सामाजिक विकास मन्त्रालयको सचिव सम्झनुपर्छ ।

(घ) "महाशाखा प्रमुख" भन्नाले सामाजिक विकास महाशाखा प्रमुख सम्झनुपर्छ।

(ङ) "स्थानीय तह" भन्नाले गण्डकी प्रदेश अन्तर्गतका गाउँपालिका तथा नगरपालिकालाई सम्झनुपर्छ ।

(च) "ज्येष्ठ नागरिक" भन्नाले ६० वर्ष उमेर पूरा गरेको नेपाली नागरिक सम्झनुपर्छ ।

(छ) "असहाय ज्येष्ठ नागरिक" भन्नाले देहायको कुनै वा सवै अवस्थाको ज्येष्ठ नागरिक सम्झनुपर्छ-

(१) जीवनयापन गर्ने कुनै आधार, आयस्रोत वा सम्पत्ति नभएको,

(२) पालनपोषण तथा हेरचाह गर्ने परिवारको कुनै सदस्य नभएको,

(३) परिवारको सदस्य भए पनि निजले पालनपोषण नगरी अपहेलित वा उपेक्षित जीवनयापन गर्नु परेको अवस्था ।

सचिव

सामाजिक विकास मन्त्रालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

(ज) "अशक्त ज्येष्ठ नागरिक" भन्नाले शारीरिक वा मानसिक रुपले अशक्त ज्येष्ठ नागरिक सम्झनुपर्छ ।

(झ) "ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र" भन्नाले ज्येष्ठ नागरिकलाई शुल्क लिई वा नलिई दैनिक रुपमा हेरचाह गर्न, मनोरञ्जन गर्न र धार्मिक कार्यमा संलग्न गराउन तथा स्वास्थ्य सेवाको व्यवस्था मिलाउन स्थापना तथा सञ्चालन भएका दिवा सेवा केन्द्र, र यस कार्यका निम्ति खडा भएको घर वा यस्तै प्रकृतिका अन्य संरचना सम्झनुपर्छ ।

## परिच्छेद २
## छनौटका आधार तथा अख्तियारी दिने प्रक्रिया

३. **प्रस्ताव आव्हान गर्ने:** (१) मन्त्रालयले वार्षिक कार्यक्रम बमोजिम स्थानीय तहसँग सहकार्य गरी ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना र सञ्चालन गर्न अनुदान उपलब्ध गराउन ईच्छुक स्थानीय तहलाई अनुसूची- १ बमोजिमको ढाँचामा प्रस्ताव पेश गर्न ३० दिनको सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्नेछ ।

(२) उपदफा (१) वमोजिमको सूचना राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नुका साथै मन्त्रालयको वेबसाइटमा समेत राख्नुपर्नेछ ।

४. **प्रस्ताव पेश गर्ने:** दफा ३ वमोजिम सूचना प्रकाशन भएपछि स्थानीय तहले अनुसूची २ बमोजिमको ढाँचामा तोकिएको अवधिभित्र मन्त्रालय समक्ष प्रस्ताव पेश गर्नुपर्नेछ ।

५. **प्रस्ताव मूल्याङ्कनका आधारहरु:** (१) प्रस्ताव मूल्याङ्कन गरी छनौट गर्न देहायका आधारहरु अबलम्वन गरिनेछ:

(क) लक्षित ज्येष्ठ नागरिकहरुको संख्या,

(ख) जग्गा/ भवन आदि पूर्वाधारको स्वामित्व वा भोकाधिकार,

(ग) लागत साझेदारी गर्न स्थानीय तहले प्रतिवद्धता व्यक्त गरेको हिस्सा,

(घ) दिवा सेवा केन्द्र स्थापना तथा संचालनको लागि चालु आर्थिक वर्षमा अन्य कुनै श्रोतबाट प्राप्त अनुदान ।

(२) उपदफा १ वमोजिमको प्रस्ताव मूल्याङ्कन गर्ने आधारहरुको लागि अनुसूची ३ वमोजिमको अङ्कभार प्रदान गरिनेछ ।

६. **प्रस्ताव मूल्याङ्कन, छनौट तथा सिफारिस समिति:** (१) दफा ४ बमोजिम मन्त्रालयमा पेश हुन आएका प्रस्तावउपर मूल्याङ्कन, छनौट तथा सिफारिस गर्न देहाय बमोजिमको एक समिति रहनेछ

(क) सामाजिक विकास महाशाखा, प्रमुख -संयोजक

(ख) आर्थिक मामिला तथा योजना मन्त्रालयको अधिकृत प्रतिनिधि - सदस्य

(ग) योजना तथा प्रशासन महाशाखाको अधिकृत प्रतिनिधि - सदस्य

(घ) सम्बन्धित शाखाका महिला विकास अधिकृत -सदस्य सचिव

(२) उपदफा (१) वमोजिमको समितिले पेश भएका प्रस्तावहरुको मूल्याङ्कन तथा छनौट गरी स्वीकृतिका लागि सचिव समक्ष सिफारिस गर्नेछ ।

(३) उपदफा (२) वमोजिम स्वीकृत भएका प्रस्ताव सम्बन्धी विवरण मन्त्रालयको वेबसाइट तथा सूचना पाटी मार्फत सार्वजनिक गरिनेछ ।

(४) दफा ६ को उपदफा (१) बमोजिमको समितिले अनुसूची ३ मा उल्लेखित अंकभारलाई थप खण्डीकृत गर्न सक्नेछ ।

७. **प्रस्तावको स्वीकृति तथा अख्तियारीः** (१)मन्त्रालयले दफा ६ को उपदफा (२) वमोजिम स्वीकृत प्रस्तावहरुको कार्यान्वयनका लागि सम्बन्धित स्थानीय तहलाई अख्तियारी प्रदान गर्नेछ ।

८. **दिवा सेवा केन्द्रको स्थापना र संचालनः** (१) यस कार्यविधि वमोजिम अख्तियारी प्राप्त गर्ने स्थानीय तहले ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रको स्थापना र संचालन गर्न सक्नेछन् । त्यस्तो सेवा केन्द्र ज्येष्ठ नागरिकहरुको लागि पायक पर्ने स्थानमा संचालन गर्नुपर्नेछ ।

(३) उपदफा (१) वमोजिमको दिवा सेवा केन्द्रमा आउने ज्येष्ठ नागरिकलाई सेवा केन्द्रले निजहरुको रुचि अनुसार धार्मिक, सामाजिक, मनोरञ्जनात्मक, रचनात्मक क्रियाकलापमा सरिक गराई पारिवारिक वातावरणमा बस्ने व्यवस्था मिलाउनु पर्नेछ ।

९. **ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रको स्थापना तथा सञ्चालन सम्बन्धी मापदण्डः** (१) ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना तथा सञ्चालन गर्दा सामान्यतया देहाय बमोजिमका सुविधाहरुको व्यवस्था भएको हुनुपर्नेछः-

(क) भौतिक पूर्वाधार निर्माण तथा सुधारका कार्यहरु

(ख) संचालन सम्बन्धी कार्यहरु

१०. **अनुगमनः** यस कार्यविधि वमोजिम अख्तियारी प्राप्त गरी संचालन हुने वा रहेका दिवा सेवा केन्द्रको अनुगमन मन्त्रालय तथा सम्बन्धित स्थानीय तहले गर्न सक्नेछ ।

११. **लेखापरीक्षण तथा सामाजिक परीक्षण सम्बन्धी व्यवस्थाः** यस कार्यविधि वमोजिम स्थानीय तहले प्राप्त गरेको अख्तियारी रकमको खर्चको लेखा राख्ने र लेखा परीक्षण प्रचलित कानून वमोजिम गर्ने गराउने र सोको विवरण तथा प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्ने दायित्व सम्बन्धित स्थानीय तहको हुनेछ ।

१२. **बाधा अड्काउ फुकाउने अधिकारः** यस कार्यविधिको कार्यान्वयनमा कुनै वाधा उत्पन्न भएमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउनेछ ।

१३. **संशोधन एवं हेरफेरः** यस कार्यविधिमा संशोधन एवं हेरफेर गर्न आवश्यक ठानेमा मन्त्रालयले संशोधन एवम् हेरफेर गर्न सक्नेछ ।

अनुसूची -१

(दफा ३ (१) सँग सम्बन्धित)

सूचनाको ढाँचा

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
गण्डकी प्रदेश
पोखरा नेपाल ।

**ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना र सञ्चालन** लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति- २०७६/..../...

यस मन्त्रालयको चालु आ.व. को वार्षिक कार्यक्रम वमोजिम स्थानीय तहसँगको सहकार्यमा स्थापना तथा सञ्चालन गरिने ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रको लागि रकम उपलब्ध गराइने हुँदा गण्डकी प्रदेश भित्रका इच्छुक स्थानीय तहले यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र तोकिएको ढाँचामा कार्यक्रम प्रस्ताव सहित देहाय अनुसारका कागजातहरु र निवेदन यस मन्त्रालयमा पेश गर्न सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| कार्यक्रमको नाम | आवश्यक कागजातहरु |
|---|---|
| दिवा सेवा केन्द्र स्थापना तथा सञ्चालन | (क) प्रस्ताव पत्र<br>(ख) पूर्वाधार तर्फको कार्यक्रम भए सोको लागत अनुमान<br>(ग) संचालन तर्फको कार्यक्रम भए सोको लागत अनुमान |

अनुसूची २
(दफा ४ सँग सम्बन्धित)

ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना र सञ्चालन गर्न अनुदान प्राप्तिको लागि

## कार्यक्रम प्रस्तावको ढाँचा

**१. दिवा सेवा केन्द्र स्थापना गर्ने स्थानीय तहको विवरणः**

**(क) दिवा सेवा केन्द्र स्थापना गर्ने स्थानीय तहको नामः**

(ख) ठेगानाः ……………… जिल्ला …………………………… गा.पा./न.पा/म.न.पा …… वडा नं. ………… …… टोल

(ग) प्रमुख/अध्यक्षको नामः …………………………………… ……… मोबाईल नं. ………………………… ईमेलः

**२. कार्यक्रमको संक्षिप्त विवरण**

<u>भौतिक पूर्वाधार तर्फ</u>

(क) लागत अनुमान बमोजिमको रकम रु……. (अक्षरमा…………………………)

(ख) स्थानीय तहको योगदान रु ………… (अक्षरमा…………………………)

(ग) मन्त्रालयबाट प्राप्त हुनुपर्ने रु ………………… (अक्षरमा…………………………)

(घ) अन्य स्रोतबाट रु ………………… (अक्षरमा…………………………)

(ङ) कार्यक्रम सम्पन्न हुन लाग्ने अवधिः

<u>संचालन तर्फ</u>

(क) लागत अनुमान बमोजिमको रकम रु……. (अक्षरमा…………………………)

(ख) स्थानीय तहको योगदान रु ………… (अक्षरमा…………………………)

(ग) मन्त्रालयबाट प्राप्त हुनुपर्ने रु ………………… (अक्षरमा…………………………)

(घ) अन्य स्रोतबाट रु ………………… (अक्षरमा…………………………)

**३. कार्यक्रमको प्रस्ताव तयार पार्दा समावेश हुनु पर्ने मूख्य विवरणहरुः**

(क) पृष्ठभूमिः ………………………………………………………………………………………………………………
……………………………………………………………………………………………………………………………………
……………………………………………………………………………………………………………………………………

(ख) ज्येष्ठ नागरिक सेवा केन्द्र संचालनको औचित्यः…………………………………………………………
……………………………………………………………………………………

(ग) सेवा दिन सक्ने ज्येष्ठ नागरिकहरुको विवरण ........................................ ........................................
....... ............... ..... ......................... ........................................................................ ..........................

| सि नं | सेवा दिन सक्ने ज्येष्ठ नागरिकको सख्या | | | कैफियत |
|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | |
| | | | | |

(घ) ज्येष्ठ नागरिक सेवा केन्द्रबाट प्रदान गरिने सेवाहरु तथा क्रियाकलापहरु ............ .......
............................ ............... .........................
............................. ................................... ...................... ........................ .......................... ..........................
........................................................................................................................ ................................ ..................

(ङ) ज्येष्ठ नागरिक सेवा केन्द्र संचालनका लागि आवश्यक भौतिक स्रोत तथा जनशक्तिको अवस्था

.......................................... ..................................................... .............. .................. ...... ........
.............................................................................................. ......................... .........................
........................................................................................................................ ...................

(च) ज्येष्ठ नागरिक सेवा केन्द्र संचालनको लागि हाल उपलब्ध रहेको भौतिक पूर्वाधार अवस्था (भवन, जग्गा, टहरा इत्यादि) को अवस्था.................... ............... ..........................
......................... .......................... ..................................... .................

(छ) ज्येष्ठ नागरिक सेवा केन्द्र संचालनको लागि आवश्यक पर्ने भौतिक पूर्वाधार अवस्था (भवन, जग्गा, टहरा इत्यादि) को अवस्था .......................... ..........................
.......................... .......................... .......................... ..........................

(ज) ज्येष्ठ नागरिक सेवा केन्द्र स्थापना तथा संचालनका लागि खर्च गरिने क्षेत्रहरुः
.......................... .......................... .......................... .......................... .............

(झ) अपेक्षित उपलब्धिः ........................................ .......................................................... ...................... .........
......................... ................................................................................................. ......................... .........................

पेश गर्ने स्थानीय तहको तर्फबाट

नामः

पदः अध्यक्ष

संस्थाको छापः

हस्ताक्षरः

मितिः

मोवाइल नं. .......

अनुसूची -३

(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना र सञ्चालनका लागि प्रस्ताव छनौटका आधारहरु

| क्र.सं | सूचक | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | लक्षित ज्येष्ठ नागरिकहरुको संख्या | ३५ | | |
| २ | जग्गा/ भवनको स्वामित्व वा भोकाधिकारको अवस्था | २५ | | |
| ३ | स्थानीय तहको सहकार्यको अवस्था/प्रतिवद्धता (जग्गा, भवन, नगद, जिन्सी, जनशक्ति आदी) | ३० | | |
| ४ | चालु आर्थिक वर्षमा सोही प्रयोजनका लागि अन्य कुनै श्रोतबाट अनुदान प्राप्त हुने अवस्था | १० | | |
| | जम्मा | १०० | | |